# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कावासोती नगरपालिका, नवलपरासी (व.सु.पूर्व)

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Scanned with CamScanner

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)


पत्र संख्या: २०७८/७९
च.नं.: १०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
कावासोती नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
नवलपरासी (व.सु.पूर्व) ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

श्री आ० प्र०
७८/०५/२८

कावासोती नगरपालिका
दर्ता नं. १६०१
दर्ता मिति· २०७८/०५/२८

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाव विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्वन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्ष गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथ प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)


पत्र संख्याः २०७८/७९ च.नं.: ९४८

मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
कावासोती नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
नवलपरासी (ब.सु.पू.)।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले कावासोती नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु. ३ करोड ३० लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२५ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५६ लाख ७४ हजार नियमित गर्नुपर्ने रु. ५२ लाख ३६ हजार र पेस्की बाँकी रु. १ करोड ९६ लाख १७ हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ (सताईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्यथ गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक



Scanned with CamScanner

# लेखापरीक्षण प्रतिवेदन

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| नं | विवरण | आय तर्फ | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|
| | | रकम | रकम | विवरण | रकम | रकम |
| | **गत बर्षको जिम्मेवारी** | | **१३४३६१८३७** | **चालु खर्च** | ३५९६४९२५१ | **३५९६४९२५१** |
| | क) नगद | १३४३६१८३७ | | **पूँजीगत खर्च** | ४०३१२२५३६ | **४०३१२२५३६** |
| | ख) बैंक | | | वित्तीय व्यवस्था भुक्तानी | | |
| | **राजश्व (आन्तरिक आय)** | | **२२८२६०८१२** | क) ऋण/ब्याज भुक्तानी | | |
| | क) आन्तरिक राजश्व | ६७७१११६१ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजश्व बाडफाँड संघीय सरकार | ९०२२०५३८ | | लगानी | | |
| | ख)राजश्व बाडफाँड प्रदेश सरकार | ७०३२९११३ | | | | |
| | **वित्तिय हस्तान्तरण** | | **४५०१८०९४६** | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | १७१०००००० | | अन्य लगानी | | |
| | ख) सशर्त अनुदान | २७४२७७७५६ | | फिर्ता खर्च | | |
| | ग) समपुरक अनुदान | ३४१६६०० | | **धरौटी फिर्ता** | १२९४८११ | **१२९४८११** |
| | घ) विशेष अनुदान | १४८६५९० | | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **३३०२००००** | सर्सत अनुदान फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | १३०२०००० | | LGCDP को रकम | | |
| | ख)सशर्त | १०००००००| | | अर्थ बजेट | | |
| | ग समपूरक/विशेष अनुदान | १०००००००| | | विपद व्यबस्थापत कोष खर्च | ७९३५३४९ | **७९३५३४** |
| | अर्थ बजेट | | | कोष खर्च | | |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | | | |
| | वित्तीय व्यवस्था प्राप्ति | | | क) नगद मौज्दात | | |
| | क)ऋण/साँवा/ब्याज प्राप्ति | | | बैक मौज्दाद | | १४८८६२९२० |
| | ख) अन्य प्राप्ति | | | सचित कोष खाता | ८१६३२२०३ | |
| | जनसहभागिता नगद विपयगत निकायबाट | ३९६५९३०५ | ३९६५९३०५ | चालु खर्च खाता | ७१०५८३२ | |
| | प्राप्त रकम | | | पुजिगत खर्च खाता | ३९४७३१४६ | |
| | सामाजिक सुरक्षा | | | धरौटी खाता | १२६२७०३४ | |
| | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | | | विभाज्य कोष खाता | ० | |
| | धरौटी आय | १३९२१९१४ | १३९२१९१४ | कर्मचारी कल्याण कोष खाता | ४४७१३५२ | |
| | विपत ब्यवस्थापन कोष | ११४८८७०२ | ११४८८७०२ | विपद व्यबस्थापत कोष खाता | ३५५३३५३ | |
| | जिल्ला समन्वय समिति | ५५००००० | ५५००००० | चेक साट्न बाँकी | | |
| | कर्मचारी कल्याण कोष | ४४७१३५२ | ४४७१३५२ | | | |
| | **जम्मा** | **९२०८६४८६८** | **९२०८६४८६८** | **जम्मा** | **९२०८६४८६७** | **९२०८६४८६७** |



Scanned with CamScanner

| दफा नं | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। गण्डकी प्रदेशमा अवस्थित यस नगरपालीका अन्तरर्गत १७ वटा वडा रहेका छन् । यस नगरपालिकाको क्षेत्रफल ११४ वर्ग कि मि र पछिल्लो जनगणना अनुसार ६२४८१ जनसंख्या रहको छ।

१. **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- महालेखा परीक्षकको कार्यालको आ व २०७५।७६ को लेखापरीक्षणको अन्तिम प्रतिवेदन अनुसार गत आ व को मौज्दात अ ल्या १२०३४५२८२।५३ रहेकोमा पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार १३४३६१८७३।०० देखाएकोले रु १४०१६५४४।४७ मौज्दात बढी सारेको देखिन्छ । सो सम्बन्धमा नगरपालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।
- पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार वर्षान्तको बैक मौज्दात (बैक स्टेटमेन्स अनुसार) रु १४८८६२९२० देखिन्छ तर शुत्रको वित्तिय प्रतिवेदन मलेप फारम नं २७२ अनुसार रु १६१५९८६०४।७९ देखिएकाले शुत्रमा रु.१,२७,३५,६८४।७९ बढी देखिन्छ। सो सम्वन्धमा नगरपालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोष फिर्ता गर्नुपर्नेमा नगरपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार नगरपालिकाको चालु खर्च खातामा ७१०५८३२ र पूजींगत खातामा रु ३९४७३१४६। मौज्दात बाँकी देखिन्छ । पालिकाले ऐन अनुसार आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी बाँकी रकम संचितकोषमा फिर्ता गर्ने गरी आर्थिक कारोबार गर्नुपर्दछ ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणका तथ्याङ्कमा एकरुपता देखिदैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।



Scanned with CamScanner

- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिए।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।



Scanned with CamScanner

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकावाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फवाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा. २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
- वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राखुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने



Scanned with CamScanner

देखिएको,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,
- सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त विवरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रवाहको अभिलेख व्यवस्थापन नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड वनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले हालसम्म आफ्नो अधिकार क्षेत्रभित्रका १० वटा ऐन र ४७ वटा निर्देशिका कार्यविधि तथा मापदण्ड वनाई लागू गरेको भएता पनि पालिकावाट संपादन हुने कार्यसंग सम्वन्धित कार्यविधि तथा मूख्य ऐन नै नवनाई कार्यविधि वनाएको पाइयो।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्वन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन। लेखापरीक्षणको क्रममा माग पश्चात मात्र लाभग्राहीको खातामा जम्मा भएको खाताको विवरण सहितको विवरण प्राप्त भएको छ।
- **निस्क्रिय खाताः** सामाजिक सुरक्षा कार्यक्रकम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ अनुसुची ८ को बुंदा नं १० मा बैंकले निष्क्रिय खाताको विवरण स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा विवरण माग गरेपश्चात निस्क्रिय खाताको प्रमाणित विवरण प्राप्त नभएकोले निस्क्रिय खाता भए नभएको यकिन हुन सकेन ।
- पालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**कर्मचारी दरबन्दी र पदपुर्तिः** नगरपालिकावाट गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षणका अधारमा

पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्रशासनिकतर्फ र प्राविधिकतर्फ समेत २२४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १५२ पदपूर्ती भई ७२ पदमा रिक्त दरवन्दी रहेको देखिन्छ। पद पुर्ति मध्ये ५२ जना करार र १६जना ज्यालादारीमा रहेका छन् । नगरपालिककाले रिक्त पद पूर्ति गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो।

४. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा रु ८९ करोड ०९ लाख ८३ हजारको बजेट २०७६।०३।१० मा पारित भएको छ।बजेट पारित पश्चात नगरपालिका प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यस्था अनुसार २०७६।४।१ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।नगरपालिकाले ऐनमा भएको व्यस्थाको पालना गर्नु पर्दछ ।

५. **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले तस्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि विभिन्न ९ वटा बैंक लाई दिएको पेश्की रकम आषाढ मान्तसम्ममा फछ्यौट नभई २०७७ श्रावणमा फछ्यौट भएकोमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित पालिकाको खातामा रहेको रु ४२७६००। फिर्ता गरी सोको प्रमाण पेश गर्नुपर्ने रु==- ४२७६००

६. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्मदर्ता ८६६ वटा, मृत्युदर्ता ३७८ वटा, नाता प्रमाणित ११५६ वटा, नागरीकता सिफारिश ११२२ वटा वसाइसराई ३६१ घरबाटो सिफारिस २३५२ र अन्य ६७६४ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको छ । पालिकाले अन्यमा के के नखुलाएकोले यथार्थ मान्न सकिएन तसर्थ पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई

७. **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको १३२ गरी कुल १३६ विवाद दर्ता भएकोमा ७६ वटा मात्र फछ्र्यौट भई ५७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८. **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ



Scanned with CamScanner

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | १० | ६३२५७८ |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ८४ | ३५२६४३२८ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १३८ | ११२६२३५२५ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मा योजना | १६७ | १६०५१६९७२ |
| ५ | ५० लाखभन्दा माथिका योजनाहरु | ३० | ३३४२१४०५१ |

९. **चौमासिको खर्चको स्थितिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकगत पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। आषाढ महिनामा मात्र कूल वार्षिक खर्चको करिव ५६.६५ प्रतिशत खर्च भएको छ ।यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना संचालन गर्दा संचालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपना समेत प्रभाव पर्ने हुन सक्छ । त्यसैले पालिकाले निर्धारित समयभित्र कार्य सम्पादन गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १. | सम्पूर्ण पूँजिगत शिर्षक | ४०२४९६ | ६४७६४ | ९१९४८ | २४५७८४ | २०४२०२ |
| | खर्च प्रतिशत | १०० | १६.०६ | २२.८० | ६०.९७ | ५६.६५ |

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नगरेकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ। (बार्षिक वजेट तथा खर्च रु- हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल मध्ये खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४०१५८८७५ | १९५०४८०१ | ४.१७ |
| सामाजिक क्षेत्र | २४७३८५६३ | १३८४०६६४ | २.९६ |
| पूर्वाधार विकास क्षेत्र | ५१६०८६०६५ | ३३२८५४१६८ | ७१.२४ |
| वातावरण तथा विपद् व्यवस्थापन, सस्थागत विकास र सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन तगा सुशासन | २८८७२५१७ | १५४९१३६१ | ३.३२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०७४७४७९१ | ८५५५८२८६ | १८.३१ |
| जम्मा | ७१७३३०८११ | ४६७२४९२८० | १०० |

१. **खर्च बिश्लेषणः** पालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु- ६ करोड ७७ लाख ११ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु- ६४ करोड ३७ लाख ५० हजार र जनसहभिगता नगद रु ३ करोड ९६ लाख ५९ हजार समेत रु ७५ करोड ११ लाख १० हजार आम्दानी ( गत आर्थिक वर्षको अ ल्या बाहेक ) भएकोमा चालुतर्फ रु-३५ करोड ९६ लाख ४९ हजार र पूँजिगत तर्फ रु-४० करोड ३१ लाख २२ हजार समेत रु-७६ करोड २७ लाख ७१ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.८८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु-१ करोड ३७ लाख ४४ हजार खर्च भएको छ जुन आन्तरिक आयको २०-३० प्रतिशत रहेको छ। पालिकालाई प्रास भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७.८८ प्रतिशत चालु र ५३.६७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्रास

| | |
|---|---|
| | अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। |
| १२. | **कल्याण कोष** ५३०।२०७७।०१।१२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा कर्मचारीतर्फको १० प्रतिशत कट्टी नगरी समानिकरण अनुदानवाट रु- १० लाख र गो भौ न ८४१।२०७७।३।३१ कर्मचारीबाट कट्टा गरेको रु ३२७६१८।७७ कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ। हालसम्म उक्त कोषमा रु ४४ लाख ७१ हजार रकम जम्मा भएकोमा उक्त रकमको खर्चको कार्यविधि नवनाएकाले पालिकाले कार्यविधि वनाउने तर्फ ध्यान दिनुपर्ने देखियो। |
| | **आन्तरिक आयतर्फ** |
| १३. | **आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्ति कर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष आन्तरिक आयवापत रु.६ करोड ७७ लाख ११ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। |
| ३.१. | **आन्तरिक आयको विश्लेषणः** पालिकाको शुत्र अनुसारको वित्तीय प्रतिवेदन म ले प फा नं २७२ को अनुसुची ११ अनुसार यस आर्थिक वर्षमा राजस्व बाँडफाँड समेत रु ३५ करोड ५१ लाख ७२ हजार आन्तिरक आय प्रक्षेपण गरेकोमा रु २४ करोड १७ लाख ८३ हजार आम्दानी भएको देखिन्छ । नगरपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार पालिकाले यस वर्ष राजस्व बाँडफाँड समेत रु.२२ करोड ८२ लाख ६० हजार आन्तरिक आय प्राप्त गरेको देखिन्छ जुन सुत्रको वित्तीय प्रतिवेदनको भन्दा १ करोड ३५ लाख २३ हजार फरक परेको देखिएकोले यस सम्वन्धमा पालिकाले प्रष्ट पारी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ। |
| ३.२. | **ढुंगा, गिट्टी, वालुवाको विक्रीः** आन्तरिक आयको ठेक्का वन्दोबस्तमा सूचना प्रकाशनमा सम्वन्धित क्षेत्रबाट उत्खनन गर्न पाउने परिमाण तोकी सूचना प्रकाशन गर्ने एंव सोही बमोजिमको परिमाणमा संझौता गर्नुपर्दछ। पालिकाले यस आ व मा ढुंगा, गिट्टी, वालुवाको विक्रिबाट कुनै आम्दानी प्राप्त गरेको छैन । नगरपालिकाले आ व २०७७।७८ मा ढुंगा, गिट्टी, वालुवा विक्रिको लागि रु ३ करोड ७४ लाख ८५ हजार को ठेक्का लगाएको छ । तर आ व २०७६।७७ मा ठेक्का नलगाएको कारण नगरपालिकाले आन्तिरक आय गुमाउनु परेको देखिन्छ । अन्तिरक आय बढाउने तर्फ नगरपालिकाले ध्यान पुर्याउनु पर्ने देखिन्छ । |
| १३.३. | **फोहरमैला व्यवस्थापनः** कावासोती नगरपालिका र वातावरणीय सुन्दर नेपाल प्रा ली बिच २०७६ फागुण ७ गते भएको सम्झौताको बुँदा नं १० मा वातावरणीय सुन्दर नेपाल प्रा ली ले उपभोक्ताबाट संकलन गरेको सेवा शुल्क रकम, फोहरमैला व्यवस्थापन केद्रमा संकलन भएको कवाडजन्य मालसमान तथा मल विक्रि वापतको रकम सो संग सम्बन्धीत लेखाङ्कन प्रतिवेदन तयार गरि प्रतेक अर्को महिनाको ७ गते भित्र नगरापलिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख भएकोमा आ व २०७६।७७ मा उक्त प्रा ली ले सम्झौता अनुसारको रकम जम्मा गरेको पाइएन । नगरपालिकाले उक्त रकम प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ । |
| १३.४. | **१० प्रतिशत रकम असूल नभएकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) मा आफ्नो |

क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नवदुर्गासामुदायिक वन उपभोक्ता समितिले वन पैदावरको विक्रीवापत प्राप्त गरेको जम्मा रु.१३२२६१।०० को ऐनमा भएको व्यवस्था बमोजिम १० प्रतिशतले हुने रकम स्थानीय संचित कोषमा दाखिला नगरेकोले सम्वन्धित सामुदायिक वन उपभोक्ता समितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नपर्ने रु.. १३२२६/

**सामाजिक सुरक्षातर्फः**

१४. **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १०१. मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने र साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम आइ एस मा प्रविष्टि गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त एम आइ एस विवरण अनुसार एम आइ एस मा एक भन्दा बढि भत्ताका प्रकारमा एउटै नाम दोहोरिएको देखियो। कार्यालयबाट बैंकमा पठाएको Forward Feed मा एउटै लाभग्राहिलाई एक भन्दा वढि समुहबाट भत्ता गएको देखियो । नमुना छनौट गर्दा एक भन्दा बढि प्रकारमा दोहोरिएका लाभग्राहीको सम्बन्धमा एकिन गरी दोहोरो परेको भए उक्त रकम असुल गर्नुपर्ने रु २६७२०

| सि.न | नाम | वडा नं | ना.प्र.न | प्रति चौमासिक | भत्ताको प्रकार | जम्मा रकम | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गंगा बहादुर विश्वकर्मा | १ | ९।४०१४ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | |
| २ | गंगा बहादुर विश्वकर्मा | १ | ९।४०४१ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | ३६००० |
| ३ | तम बहादुर वि.क | १ | ८६८४३ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | |
| ४ | तम बहादुर वि.क | १ | ८६८४३ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | ३६००० |
| ५ | मनविर गहा मगर | ३ | ७३० | १२००० | ज्येष्ठ नागरीक भत्ता | ३६००० | |
| ६ | मनविर गहामगर मन बहादुर थापा मगर | ३ | ७३० | १२००० | ज्येष्ठ नागरीक भत्ता | ३६००० | ३६००० |
| ७ | पूर्ण कुमार वि.क | ३ | ६६६२७ | १२००० | ज्येष्ठ नागरीक भत्ता | ३६००० | |
| ८ | पूर्ण सि कुमार वि.क | ३ | ६६६२७ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | ३६००० |
| ९ | हिम भन्ने सुल बहादुर सार्की | ५ | ६४६६ | ८००० | ज्येष्ठ नागरिक भत्ता | २४००० | |
| १० | हिम भन्ने सुल बहादुर सार्की | ५ | ६४६६ | २००० | अंपागता भत्ता | ८००० | ८००० |
| ११ | बाल कुमारी सारु मगर | ३ | ३६-०२-७४-००२१२ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | |
| १२ | बाल कुमारी सारु मगर | ३ | ३६-०२-७४-००२१२ | ६४०० | अंपागता भत्ता | १९२०० | १९२०० |
| १३ | गनिसरा वि.क | ६ | ८३४८ | ८००० | विधवा भत्ता | २४००० | |
| १४ | गनिसरा वि.क | ६ | ८३४८ | ८००० | एकल महिला भत्ता | २४००० | २४००० |
| १५ | सदरी थारू | ७ | ७-७६६ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | |
| १६ | सदरी थारु | ७ | ७-७६६ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | ३६००० |
| १७ | श्यामलाल महतो | ७ | २२१३ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | |
| १८ | श्यामलाल महतो | ७ | २२१३ | १२००० | ज्येष्ठ नागरिक भत्ता | ३६००० | ३६००० |
| | जम्मा | | | | | | २६७२०० |

१५. **एउटै नागरिकता नम्बरवाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक।वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र



Scanned with CamScanner

पार्दशी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाले तपशिलको व्यक्तिहरूलाई दोहोरो नागरिकता नम्वर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन। केहि उदाहरण देहायअनुसार रहेका छन।

| सि.न. | भुक्तानी पाउने | वडा नं। | भत्ताको प्रकार | ना.प्र.नं. | प्रति चौमासिक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | बासुदेव उपाध्याय | ५ | ज्येष्ठ नागरिक भत्ता | ६११ | १२००० | ३६००० |
| २ | भिम कुमारी सोती | ५ | ज्येष्ठ नागरिक भत्ता | ६११ | १२००० | ३६००० |
| ३ | मुक्ति प्रसाद सापकोटा | ५ | ज्येष्ठ नागरिक भत्ता | ४७५ | १२००० | ३६००० |
| ४ | दिल माया न्यौपाने | ५ | विधवा भत्ता | ४७५ | ८००० | २४००० |
| ५ | चन्द्रकला पराजुली | ६ | ज्येष्ठ नागरिक भत्ता | ६१२०२ | १२००० | ३६००० |
| ६ | पार्वती देवी भुषाल | ६ | ज्येष्ठ नागरिक भत्ता | ६१२०२ | १२००० | ३६००० |
| ७ | सावित्रा काफ्ले | ७ | ज्येष्ठ नागरिक भत्ता | ७-८५१ | १२००० | ३६००० |
| ८ | तिर्थ प्रसाद चपाई | ७ | ज्येष्ठ नागरिक भत्ता | ७-८५१ | १२००० | ३६००० |

**समानीकरण चालुः**

१६. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष खाना तथा विविधमा रु- ३७ लाख २० हजार खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१७. **कर कट्टी नभएकोः** आयकर ऐन, २०५८ मा नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने बैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकको क्षेत्राधिकार भित्र पर्ने नदीजन्य पदार्थ चोरी निकासीमा संलग्न सवारी साधनलाई नियन्त्रणमा लिई पालिकाले तोकेको दरमा प्रशासनिक दण्ड जरिवानाको लागि पालिकामा सवारी साधन एंव चालकलाई नियन्त्रणमा लिई बुझाउने सुरक्षा निकायका कर्मचारीलाई त्यसरी असूल भएको प्रशासनिक दण्ड जरिवाना वापतको २५ प्रतिशतले हुने रकम खटिएका सुरक्षा निकायका कर्मचारीलाई पोत्साहन स्वरुप रकम दिने निणर्य अनुसार जम्मा रु-१४३०००।०० भुक्तानी भएकोमा सो रकममा कर कट्टी नभएकोले उक्त रकमको १५ प्रतिशतले हुने रु-२१४५०।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु----

१८. **नमर्स भन्दा बढी भुक्तानीः** ८१२।२०७७।०३।३१ र १४३।२०७७।०३।३१(समानीकरण चालु शसर्त चालु) गण्डकी प्रदेश सरकारले जारी गरेको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन२०७५ को दफा २ को आधारमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनायबाट जारी भएको पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा १६ को उपदफा २ मा गाईभैसीमा लगाईने खोरेत तथा एच=एस=वि= क्यू को दर प्रतिखोप रु= १०।०० निर्धारण भएकोमा पालिकाले कुनै कार्यविधि नवनाई विना आधार एच=एस=वि=m क्यू को दर प्रतिखोप रु=२०।०० का दरले ५ जना खोपकर्तालाई जम्मा रु-१९२८४०।००भुक्तानी भएकोले बढी भुक्तानी भएको रु-९६४२०।०० असूल गर्नुपर्ने रु=--

१९. **सवरी चालकलाई राशन भत्ताः** २६।२०७६।०६।०१ नगरकार्यापालिकाको मिति २०७६।०७।०९ मा वसेको ३१ औं बैठकको निणर्य न ४ मा नगर प्रहरीको राशन भत्ताको सम्वन्धमा निणर्य गरी नगर प्रहरीलाई नेपाल प्रहरीको जवानले पाउने तलव तथा राशन उपलव्ध गराउने निणर्य भएकोमा पालिकाले सवारी चालकलाई समेत प्रति महिना रु ४८००।०० का दरले राशन सुविधा भुक्तानी भएकोले ऐन तथा निणर्य वेगर भुक्तानी भएकोले यसरी भुक्तानी भएको रकमबाट स्थानीय सरकारलाई थप व्ययभार भएको देखिएको रु===---



Scanned with CamScanner

२०. **प्रविधिक मूल्यांकन भन्दा बढी भुक्तानीः** २२९।२०७६।०८।१६ सार्वजनिक खरिद नियमावली, २०६४ को
नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च
प्रमाणित गर्ने कागजात त्यस्तो समितिले सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले श्री
शहिद स्मृति सामुदायिक माध्यमिक विद्यालय कावासोतीलाई विद्यालयको मर्मत संभारको लागि रु.
२०००००।०० मा भएको संझौता बमोजिमको रकम भुक्तानी भएकोमा उक्त कार्यको प्राविधिक मूल्यांकन रु.
१९४०२०।०० मात्र भएकोले बढी भुक्तानी भएको असूल गर्नुपर्ने रु.. ५९८०/-

२१. **शिक्षकको तलब भत्ताः** ३००।२०७६।०९।१६ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ९ ले
स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने
व्यवस्था छ पालिकाले जलदेवी प्राथमिक विद्यालयलाई एक जना शिक्षक लागि मासिक रु २६६१०।०० का
दरले तलब भुक्तानीको हिसाव गरी कूल रु३१९३२०।०० विद्यालयको खातामा निकासा दिएकोमा उक्त
विद्यालयमा शिक्षक नियुक्ती भए नभएको सम्वन्धमा शिक्षकको नियुक्ती तथा हाजिरीको रेकर्ड पटक पटक माग
गर्दा समेत सम्वन्धित शाखाबाट नआएकोले शिक्षक नियुक्ती भए नभएको एकिन हुन सकिएन। नियुक्ती तथा
हाजिरीको रेकर्ड पेश गर्नुपर्ने अन्यथा सो रकम फिर्ता दाखिला गर्नुपर्ने रु-- ३१९३२०/-

२२. **बैठक भत्ताः**३०४।२०७६।०९।१६ नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्वन्धी कार्यविधि २०७६ को
प्रस्तावना, परिच्छेद १,२,३ लगाएत तथा दफामा कुन-कुन विषयहरु राख्ने विषयमा बैठक बसेको भनी
पालिकाका प्रतिनिधि तथा कर्मचारीले एउटै कार्यविधिको मस्यौदा तयारको लागि २५ वटासम्म बैठक संख्या
राखी खर्च लेखेको पाइयो। यसरी हुने खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखियो।

| सि न | पद नाम थर | बैठक संख्या | भत्ता रकम |
|---|---|---|---|
| १. | नगर प्रमुख चन्द्र कुमारी पुन | | |
| २. | संयोजक प्रेम शंकर मर्दनीया थारु | १६ | १६००० |
| ३. | प्र प्र अधिकृत रोशन ज्ञवाली | १३ | १३००० |
| ४. | शाखा अधिकृत होमनाथ काफ्ले | २५ | २५००० |
| ५. | लेखा अधिकृत मदन गौतम | २५ | २५००० |
| | | २५ | २५००० |
| | जम्मा | | १०४००० |

२३. **न्यायिक समितका पदाधिकरीलाई यातायात खर्चः** ३१७।२०७६।०९।१७ गण्डकी प्रदेश सरकारले जारी गरेको
स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ तथा गाँउसभा, जिल्लासभा र जिल्ला
समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ मा समेत न्यायिक समितका पदाधिकरीलाई
यातायात खर्चको सुविधा नभएकोमा ऐनमा भएको व्यवस्था विपरीत ३ जना सदस्यले ५८ वटा बैठकको रु
५०० का दरले लिएको रकम रु- ८७०००।०० तथा गो-भौ-न-७९०।२०७७।०३।२९ बाट रु-
१२०००।०० समेत गरी रु- २०७०००।०० भुक्तानी भएकोले स्थानीय सरकारलाई थप व्ययभार भएको रु-
- २०७०००/

२४. **मापडण्ड भन्दा बढी दरको प्रयोगः** ५५४।२०७६।१२।०७ गण्डकी प्रदेश सरकारले जारी गरेको खर्चको
मापदण्ड, २०७५ को बुदाँ न ६(५) मा सार्वजनिक निकायबाट संचालित गोष्ठी सेमिनार संमेलन कार्यशाला
तालिम लगाएतका कार्यक्रमका सहभागीहरुलाई खाना तथा खाजाको दर प्रति व्यक्ति प्रतिदिन तोकिएकोमा
पालिकाबाट संचालित न्यायिक समितिका मेलमिलापकर्ताहरुलाई २ दिने पुर्नताजकी तालिममा निम्न नुसार
मापदण्डले तोकेको भन्दा फरक दरमा खर्च भएकोले यसरी मापदण्ड विपरीत भएको जम्मा रु-१४३६००।००
पेश्की लिई कार्यक्रम संचालन गर्नेबाट असूल गरी दाखिला गर्नुपर्ने रु-- १४३६००



Scanned with CamScanner

| सि न | विवरण | हुनुपर्ने दर | भएको दर | फरक दर | संख्या | बढी खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खाना सेट | ४०० | ७०० | ३०० | ४३० | १००६०० | १४६ वटाको ३०० फरक बाँकीको २०० फरक परेको |
| २ | खाजा सेट | २०० | ३०० | १०० | ४३० | ४३००० | |
| | जम्मा | | | | | १४३६०० | |

२५. **मेलमिलाप कर्ताहरुलाई यातायात खर्चः**३१७।२०७६।०९।१७ र ७९०।२०७७।०३।२९ नगरपालिकाले न्यायिक समितिले विवाद समाधान गर्ने सिलसिलामा उपस्थित भई विवाद समाधानमा भुमिका निर्वाह गरेको भनी गरेको सिफारिस तथा न्यानिक समितिको बैठकले प्रति विवाद समाधान वापत प्रत्येक मेलमिलापकर्तालाई रु-५००।०० का दरले यातायात खर्च भुक्तानी दिने गरी गरेको निणर्यका आधारमा उल्लिखित गोश्वारा भौचर न-र मितिमा क्रमश ४१ जनालाई रु- १०५०००।०० र ३४ जनालाई रु-११४०००।०० समेत गरी जम्मा रु-२१९०००।०० खर्च भएको छ।विवाद समाधान गर्ने न्यायिक समितिलाई सुविधा तोक्ने अधिकार नभएको तथा ऐन कानूनमा समेत व्यवस्था नभएको रकम भुक्तानी भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको देखिएको रु--- २१९०००/-

२६. **कालोकोट (पोशाक)भत्ताः** ७९०।२०७७।०३।२९ स्थानीय सरकार संचालन ऐन २०७४ तथा गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा समेत न्यायिक समितका संयोजक तथा सदस्यलाई कालोकोट (पोशाक) खर्चको सुविधा नभएकोमा नगरपालिकाले निम्न नुसार पोशाक खर्च भुक्तानी दिएकोले कानूनमा व्यवस्था नभएको सुविधा वापतको जम्मा रु-३५९००।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु--- ३५९००/

| सि न | पद | नाम थर | भुक्तानी लिएको रकम |
|---|---|---|---|
| १ | संयोजक | प्रेम शंकर मर्दनीया थारु | ९७०० |
| २ | सदस्य | आनन्द श्रेष्ठ | ९७०० |
| ३ | सदस्य | मिरा थनेत | १६५०० |
| | | जम्मा | **३५९००** |

२७. **अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.६ लाख ८५ हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न र मिति | भुक्तानी पाउने व्यक्ती तथा संस्थाको नाम | रकम |
|---|---|---|
| ३८४.२०७६.१०.१४ | हरियाली संस्था कावासोती | ३०००० |
| ३८६.२०७६.१०.१४ | राष्टिय तेक्वान्दो संस्था कावासोती | १००००० |
| ३९८.२०७६.१०.१६ | नेपाल मगर संघ कावासोती माघेसक्रान्ती मनाउने | ३५००० |
| ४७७.२०७६.११.१२ | बुद्दीचाल संघ कावासोती | ३५००० |
| ४७८.२०७६.११.१२ | नवलपरासी जिल्ला बुद्दीचाल संघ | २५००० |
| ४८२.२०७६.११.१३ | राष्टिय तेक्वान्दो संस्था कावासोती | २५००० |
| ४८३.२०७६.११.१३ | जन्मभूमी युवा क्लव कावासोती | ३०००० |
| ४८५.२०७६.११.१३ | शिवशक्ती युवा क्लव | ३०००० |
| ४८६.२०७६.११.१३ | राष्टिय दलित पत्रकार संघ | ३५००० |
| ४८९.२०७६.११.१५ | तमू ह्यूल छोज धी गुरुङ राष्टिय परिषद | ३०००० |

| | | |
|---|---|---|
| ४९०.२०७६.११.१५ | युवा जागरण सास्कृतिक विकास संघ | ५०००० |
| ४९६.२०७६.११.१८ | श्री नवदुर्गा क्लब कावासोती | २२०००० |
| ६८५.२०७७.०३.०९ | कुमारवर्ती युवा क्लव कावासोती | ४०००० |
| | जम्मा | ६८५००० |

२८. **संझौता भन्दा बढी खर्चः** दुई पक्षबीच भएको संझौता बमोजिमको कार्य संपन गर्ने तथा भुक्तानी दिने करारीय पक्षको दायित्व हो। नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको वालमैत्री अभियान संचालन र कार्यान्वयन कार्यक्रमको लागि प्रत्येक घरधुरीमा गई डाटा संकलन गर्ने कार्यको लागि संकलक पदमा प्रत्येक एक घर वरावर रु=४० का दरले कार्य गर्ने गरी सूचना प्रकाशन भएको सोही बमोजिम संकलकले दरखास्त हाली उक्त रकममा कार्य गर्ने संझौता भएकोमा पालिका भित्रका १९२९१ घरधुरीको डाटा संकलन भएको जानकारी भएको छ भने सम्वन्धित शाखाले लेखापरीक्षण अवधिसम्म पनि सोको अन्तिम प्रतिवेदन तयार पारेको छैन। संकलकलाई रु=४०।०० का अतिरिक्त इन्टरनेट तथा स्टिकर टाँस गरेको भनी थप रु१२९०००।०० भुक्तानी भएकोले संझौता भन्दा बढी भुक्तान भएको रकमबाट स्थानीय सरकारलाई थप व्ययभार पर्ने गएको दिखिएको रु १२९०००/-

**वित्तीय समानीकरण पूँजीगतः**

२९. **जटिल प्रकृतिको कामभ उपभोक्ता समितिबाट गराएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ ।नगरपालीका बाट सम्पन्न विभिन्न योजनाको प्राविधिक मूल्यांकन भएका कार्यहरु निर्माण व्यवसायीका ह्याभी मेशिन उपकरणहरु प्रयोग गरी सम्पन्न भएको कार्य स्वीकार प्रतिवेदनबाट देख्न सकिन्छ। सो सम्वन्धी केही उदाहरणहरु निम्न रहेका छन् ।

| सि नं | गो भौ नं र मिति | कामको विवरण | रकम |
|---|---|---|---|
| १. | २९६।२०७७।२।२९ | राजमन्दिर चोक देखि वडा कार्यालय जाने बाटो कालोपत्रे गर्ने का | ५६२५००० |
| २. | ३३४।२०७७।३।३० | हसैरा चोक कालोपत्रे सडक निर्माण | ५७२५००० |
| ३. | ।२०७७।३।३० | बुढोली कुना कृषि सडक निर्माण | ५६२११७५ |
| ४. | ३४६।२०७७।३।३० | कर्मयोगी नमुना टोल पक्की पर्खाल र सडक कालोपत्रे | ५७००७१० |

यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यस्ता जटिल प्रकृतिका कार्यहरु निर्माण व्यवसायीबाट प्रतिस्पर्धा गराई गर्नुपर्नेमा उपभोक्ता समितिबाट गराएको र कार्य सम्पन्न गराएको देखिएकोले यसतर्फ नगरपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ।

३०. **जनसहभागिता नराखी सम्झौता गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार रु १ करोड सम्म लागत अनुमान भएको आयोजना उपभोक्ता समितिबाट गराउन सकिने र उपनियम २ अनुसार उपनियम १ मा उल्लिखित लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ। नगरकार्यपालिकाको आ व २०७६।७७ को वार्षिक



१४

नीति तथा कार्यक्रम मा नगरपालीकाबाट सञ्चालन हुने पूर्वाधार विकासका कार्यक्रमहरुमा न्युनतम ८०-२० लागत साझेदारी शिद्धान्त अवलम्बन गरिने उल्लेख छ। यसरी उपभोक्ता समिति मार्फत काम गराउँदा नगरपालिकाले स्विकृत नीति तथा खरिद नियमावलीको पालना नगरेको कारण नगरपालिकालाई प्रतिशत २० थप व्ययभार परेको देखिन्छ । नगरपालिकाले खरिद नियमावली प्रतिकुल हुने गरी निर्णय गरेको उपयुक्त देखिएन। जनसहभागिता नभएका केहि उदाहरण निम्नानुसार छन् ।

| आयोजनाको नाम | न पा बाट भुक्तानी |
|---|---|
| जनता मा वी भवन निर्माण | ३५००००० |
| कुमारवर्ति बहुमुखी क्याम्पस | १०००००० |
| अमलटारी मध्यवर्ति होमस्टे | ६००००० |
| जनजागृति महिला समूहलाई पिकनिक स्पर्ट | ५००००० |
| साढवोटे टोल जोड्ने बाटो | ४९८७५३ |
| वडा न १२ कल्भर्ट निर्माण | ४५११५७ |
| जनकल्याण मा वि भौतिक निर्माण सुधार | ४५४६९२ |
| जम्मा | |

३१. **बिमा नगराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरुप बिमा गराउनु पर्ने व्यवस्था छ । नगरपालीकाबाट सम्पन्न भएका निम्न कार्यको BOQ मा बिमाको प्रावधान राखी सम्झौता गरेकोमा निर्माण व्यवसायीले विमा गराएको पाइएन । साथै कुनैमा विमाको प्रावधान समेत राखेको पाइएन । नगरपालिकाले नियमावलीको पालना गर्नु पर्दछ ।

| सि नं | गो भौ नं र मिति | कामको विवरण | BOQ मा विमा वापतको रकम |
|---|---|---|---|
| १. | ३०४।२०७७।३।२९ | कावासोती ४ मा बाटो कालोपत्रे | ४०००० |
| २. | ३६३।२०७७।३।३१ | फोहोर मैला व्यवस्थापन | ५०००० |
| ३. | २३४।२०७७।३।२३ | कालोपत्रे सडक निर्माण | ३०००० |
| ४. | ११३।२०७६।१।१९ | बन्यजन्तु संरक्षणा कार्य | विमाको प्रावधान नराखेको |

३२. **बढि भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायी सँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्चभएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख छ। नगरपालीकाको भवन निर्माणको प्रथम रनिङ बिल भुक्तानी गर्दा निर्माण व्यवसायीले पेश गरेको विमाको बिल मुल्य अभिबृद्धिकर बाहेक रु ६१६६५५। भएकोमा कार्यालयले बिल भुक्तानी गर्दा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत अभिबृद्धिकर जोडेर रु ७९९६९२। मा पुन मू अ कर थप गरी भुक्तानी भएको बढी भुक्तानी भएको रु १८३०३७। सम्बन्धीत निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु १८३०३७/-

३. **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ

। निम्न निर्माण व्यवसायी सँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्चभएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख छ। निर्माण व्यवसायीलाई प्रोभिजनल समवापतको रकम मुल्य अभिबृद्धी कर समेत रु १०९५५०। भुक्तानी दिएकोमा सम्बन्धित कार्यमा खर्च भएको बिल भरपाई पेश गरेका छैनन्। वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. १०९५५०/-

| निर्माण व्यवसायी | निर्माण कार्य | बिल न | कामको विवरण | रकम |
|---|---|---|---|---|
| चैतन्य विल्डर्स प्रा ली | फोहर मैला व्यवस्थापन | अन्तिम | laboratory test | ३३९०० |
| | | | Information board | ५६५० |
| ह्यावटयाट न्यु ड्रागन जे भि | नगरपालिकाको भवन निर्माण | दोश्रो | lab test | ३५००० |
| | | तेस्रो | Lab tst | ३५००० |
| | | | | |

३४. **समयमा काम सम्पन्न नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ क मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको का तोकिएको म्याद भित्र सम्पन्न गर्न नसकेमा १० प्रतिशतमा नवढ्ने गरी दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था छ । नगरपालीका र निर्माण व्यवसायी विचको सम्झौताको SCC को ४७.१ मा पनि पूर्व निर्धारित क्षतिपुर्तिको व्यवस्था छ । नगरपालिकामा फोहरमैला व्यवस्थापनको लागि चैतन्य विल्डर्शसंग २०७६।२।८ मा काम शुरु (२०७६।२।२२) भएको ३ महिनामा कार्य सम्पन्न गर्ने गरी मू अ कर बाहेक रु ५५४६१२१।५० को सम्झौता भएकोमा मंसिर मसान्तसम्म म्याद थप भएको देखिन्छ । निर्माण व्यवसायीले मिति २०७७।३।१५ मा कार्य सम्पन्न गरी अन्तिम बिल पेश गरेकोले सम्झौता अनुसार सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले १९५ दिनको पूर्व निर्धारित क्षतिपुर्ति रु ५४०७३५ असूल हुनुपर्ने रु ५४०७३५/-

३५. **ग्रावेलको भुक्तानी** : चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको च न २९८८, २०७६।१२।२ को अमलटारी सेक्टर चितवन राष्ट्रिय निकुञ्ज कार्यालयलाई लेखेको पत्रानुसार कावासोती नगरपालिका वडा नं १७ के गगेश्वर मन्दिर नाकादेखि होटल नानासम्मको १०६७ मिटर बाटो स्तरोन्नती कार्यको लागि लाग्ने १६७ ट्याक्टर र कावासोती नगरपालिका वडा नं १७ को गोछडा चोक दखि देविचोक हुँदै वडघरनासम्मको ८०० मिटर बाटो स्तरोन्नतीको लागि आवश्यक पर्ने ग्रावेल १४० ट्याक्टर उपभोक्ता समितिको परिमाणबाट कट्टा हुने गरी ग्रावेल निकासी गर्ने र नियमानुसार कर लिई संकलन तथा निकासीको लागि अनुमति दिइएको व्यहोरा उल्लेख छ । उपभोक्ताले पेश गरेको विलमा ग्रावेलको कर-शुल्क तिरेको रसिद पेश गरेको देखिन्छ । नगरपालिका योजनाको रकम भुक्तानी गर्दा उक्त पत्रानुसार उक्त मालसमान वापतको रकम उपभोक्ताको योगदान कट्टा गरी भुक्तानी गरेको नपाईएकोले उक्त कार्यको लाग्ने मालसमानको मूल्य भुक्तानी भएको रकम पालिकाले यकिन गरी बढी भुक्तानी भएको रकममा उपभोक्ताको योगदान अंश कट्टी गरी बाँकी असुल गर्नु पर्ने रु ५४८७६९/-

| योजनाको नाम | कामको विवरण | कामको परिमाण | ग्रावेलको दर १.२८ घ मी को | उपभोक्ताले तिरेको कर ।शुल्क | घटाउनु पर्ने रकम |
|---|---|---|---|---|---|
| वाटो स्तरोन्नती तथा ग्रावेल अमलटारी | ग्रावेल विछ्याउने तथा रोलरले च्याप्ने | ४५५।५ घ मी | ७६८ | ४२८९१ | ३०६९३३ |
| गोछडा चोक दखि देविचोक हुँदै वडघरनासम्मको ८०० मिटर वाटो स्तरोन्नतीको | ग्रावेल गर्ने काम | ३५२ | ७६८ | २८५०० | २४१८३६ |
| | | | | | ५४८७६९ |



Scanned with CamScanner

३६. **उपभोक्ता मार्फत गरेको निर्माण कार्यको गुणस्तर परीक्षणः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) ख अनुसार सार्वजानिक निकायले सम्झौतामा सार्वजनिक निकायले सम्बन्धीत कार्यको नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने जस्ता विषय खुलाउनु पर्ने र सोही अनुरुपका कार्य गर्नुपर्ने व्यवस्था छ नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएका मध्ये लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गरेका निम्न योजनामा गुणस्तर परीक्षणा गरेको पाइएन । कतिपय योजनामा गुणस्तरको मापदण्ड के कति हो भन्ने कुरा यकिन गर्न सक्ने अवस्था नरहेको, नगरपालिककामा पनि गुणस्तर परीक्षणको कुनै व्यवस्था नभएको हुँदा गुणस्तर यकिन गर्न नसकिएको भनि प्राविधिक राय प्रदान गरेको अवस्थामा समेत गुणस्तर परीक्षण नगरी भुक्तानी गरेको देखिन्छ भने कुनै योजनामा निर्माण व्यवसायीबाट गराएको कामको Core cutting test को रिपोर्ट संलग्न गरी भुक्तानी गरेको पाइयो ।नगरपालिकाले योजनाको सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने जस्ता विषयमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

| योजनाको नाम | भुक्तानी रकम |
|---|---|
| शितलनगर बाटो उपभोक्ता समिति | ५६२०३०० |
| वडा कार्यालय जाने हसौरा सडक कालोपत्रे | ५७२५००० |
| कर्मयोगी नमुना टोल तर्फ पक्की पर्खाल र कालोपत्रे निर्माण | ५७००७१० |

७. **पाइप खरिदः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालमा रहेका र खरिद गरेर ल्याएका जिन्सी मालसमानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।उपनियम ३ मा प्राविधिक काममा ल्याइने जिन्सी मालसमानको हकमा प्राविधिक कर्मचारीबाट जँचाइ के कस्तो अवस्थामा प्राप्त भएको हो प्रमाणित गराइ लगत खडा गर्नु पर्ने व्यवस्था छ ।नगरपालिकाले खरिद गरेका निम्नानुसार पाइपको जिन्सी दाखिला गरेको छैन । कतिपय ह्युम पाइप सिधै विक्रेता मार्फत ढुवानी गराइ वडामा पठाइको देखिन् । यसरी पाइप विछ्याउने काम नगरी पाइप खरिद मात्र गरेको उपयुक्त देखिएन । नगरपालिकाले निम्नानुसार पाइप जडान एवं विछ्याएको प्रमाण पेश गर्नु पर्ने रु १७९११११/-

| गो भौ न र मिति | विक्रेता | पाइपको विवरण | रकम |
|---|---|---|---|
| २१७-२०७७/३/९ | शिखर हार्डवेयर सप्लायर्श | HDPE 63 mm 6kg/ $m^2$ 1380 Rm | ४९६२७३ |
| | | HDPE 63 mm 6kg/ $m^2$ 500 Rm | |
| २७३-२०७७/३२६ | एस एस कन्ट्रक्शन | 600 mm NP3 pipe 15 Rm | ४९७५६७ |
| | | 900 mm NP3 pipe 25 Rm | |
| २०७६/३/२६ | मनकामना ह्युम पाइप | 300 mm NP3 pipe 15 Rm | ७९७२७१ |
| | | 450 mm NP3 pipe 25 Rm | |
| | | 600 mm NP3 pipe 15 Rm | |
| | | | १७९११११ |

. **अनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार वडा नं ११ को सिंचाइ कुलो व्यवस्थापनको लागी कुठौली नहर उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समितिले २० र ८० प्रतिशत (१२००००० )पालिकाले व्यहोर्ने अंश उल्लेख गरी रु १४४९१९४। को सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा रु १३९९६०५। को मात्र मूल्यांकन भएको



Scanned with CamScanner

अवस्थामा रु ८०३१६। अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. ८०३१६/

९. **मापदण्ड विपरीत बाटो निर्माणः** वस्ती विकास ,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मार्गदर्शन, २०७२ को बुँदा नं.१४.११ मा साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्नसक्ने गरी कम्तिमा ४ मिटर चौडाई हुनेगरी स्थानिय निकायले बाटो विस्तार गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले राजमार्ग दक्षिण साइराम बाटो निर्माण कार्य गर्दा ४ मिटर चौडाइ भन्दा कमका बाटो पीच गरेको पाइयो।यसरी बाटोको चौडाई मापदण्ड विपरीत राख्दा मानव वस्तीलाई प्रतिकुल असर पर्ने तथा मापदण्डको समेत पालना नभएकोले यसतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।

| गो भौ नं र मिति | आयोजनाको नाम | बाटोको चौडाइ | खर्च रकम |
|---|---|---|---|
| ३४३-२०७७/३/३० | राजमार्ग दक्षिण साइराम बाटो पिच | बेस कोर्स ३.४ मिटर | ६००२०५ |

**शिक्षा तर्फः**

१०. **पाठ्यपुस्तक अनुदानः-** स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थिको IEMIS मा प्रविष्टी तथ्याङ्कलाई प्रमाणित गरी यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयलाई अनुदान निकासा दिने।यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यस्था शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ मा उल्लेख छ। पालिकाले यस कार्यक्रम कार्यान्वयन पुस्तीकामा भएको व्यवस्था प्रतिकुल हुने गरी गो.भौ.न.१०२।२०७७।३।२ मा ४० विद्यालयलाई कूल विद्यार्थी संख्याको १०० प्रतिशतले हुने रु ४९८१०६१। र गो.भौ.न. १४१।०७७।३।३१ अपुग पाठ्य पुस्तक उल्लेख गरी रु २८०९३९। थप निकासा दिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६/७७ ले गरेको व्यवस्था अनुसार सुरुमा ४० विद्यालयलाई ७५ प्रतिशतले रकम निकासा दिई थप नपुग हुने रकम पाठ्य पुस्तक किनेको विल एकिन गरेर मात्र निकासा दिए पुग्नेमा सुरुमै ४० विद्यालयलाई १०० प्रतिशतले रु ४९८१०६ र थप नपुग उल्लेख गरी रु २८०९३९।समेत दिएकोले रु १५२६२०४। फरक पर्न जाने देखिन्छ। यस सम्वन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

४१. **दिवा खाजा कार्यक्रमः**शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.११.१.(७.२) मा लक्षित समूहका लागि दिवाखाजा कार्यक्रमको लागी विद्यालयलाइ अनुदान दिने व्यवस्था रहेको छ। जसअन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत प्रारम्भिक वालविकास कक्षा देखि ५ कक्षासम्म प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा वापतको रकम अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ।पालिकाले IEMIS मा उल्लेखित विद्यार्थी संख्याका आधारमा मात्र सो अनुदान रकम उपलब्ध गराउनुपर्नेमा मिति २०७७।३।२,गो.भौ.न.९६ वाट देहायका विद्यालयहरुमा IEMIS मा उल्लेखित विद्यार्थी संख्या भन्दा वढि विद्यार्थीलाई भुक्तानी गरि खर्च लेखेको पाइयो उक्त वढि भुक्तानी गरिएको रकम सम्वन्धित विद्यालयवाट असुल गर्नुपर्ने रु ३५६४०/-

| विद्यालयको नाम | विद्यार्थी संख्या भएको | हुनुपर्ने विद्यार्थी संख्या | फरक विद्यार्थी संख्या | भुक्तानी भएको दिन | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| श्री माझि प्रा.वि | ६१ | ५६ | ५ | १०८ | १५ | ८१०० |
| श्री कालिका प्रा.वि | १३९ | १२२ | १७ | १०८ | १५ | २७५४० |
| जम्मा | | | | | | ३५६४० |

४२. **छात्रवृति रकमः**शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं ७.२.१.१ (४.२) मा IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम अनुदान दिने व्यस्था रहेको छ।पालिकाले मिति २०७७|३|३१,गो.भौ.न.१४१ वाट छात्रवृति वापत रु २०१०५००।निकासा गरी खर्च लेखेको छ।लेखापरीक्षणको क्रममा विद्यालयका प्रध्यानाध्यापकहरुलाई सोधनि हुँदा अधिकांश विद्यालयको छात्रवृति रकम वितरण नभई विद्यालयहरुको खातामा नै मौज्दात रहेको पाइयो। निर्देशिकामा भएको व्यवस्था प्रतिकुल छात्रवृति रकम वितरण नगरी विद्यालयको खातामा नै मौज्दात राख्नु नियमसम्मत देखिदैन।सो सम्बन्धमा पालिकाले एकिन गरी छात्रवृति वितरण गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु २०१०५००

४३. **विद्यालय सुधार योजना अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुहिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारका दरले विद्यालय सुधार योजना सञ्चालन कार्यका लागि एकमुष्ठ अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना सहयोगि पुस्तिका,२०७५ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गरेको विद्यालय हरुलाई मात्र उपलब्ध गराउने व्वस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७६।७७ को क्रियाकलाप न २.१५.११.७९८ मा उल्लेख छ । यस वर्ष पालिकाले तपसिलका ३९ विद्यालयलाई विद्यालय सुधार योजना कार्यका लागि मिति २०७७।३।२,गो.भौ.न.१०२ वाट रु अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण पालिकाले पेश गरेको छैन। विद्यालयहरुले यस क्रियाकलाप अन्तर्गत अनुदान प्राप्त गर्नु पर्व सुधार योजना नर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने र सो नगरेको विद्यालयलाई अनुदान निकासा दिन मिल्ने देखिदैन । यस प्रकारको अनुदान प्राप्त गरेको विद्यालयबाट विद्यालय सुधार योजना नर्माण सहयोगि पुस्तिका बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने रु ६६५०००

| सि.न | विद्यालयको नाम | वि सु यो अनुदान रकम |
|---|---|---|
| १ | माझि प्रा.वि | १५००० |
| २ | जलदेवि प्रा.वि | १५००० |
| ३ | सुर्योदय प्रा.वि | १५००० |
| ४ | सरस्वती जनजागृति प्रा.वि | १५००० |
| ५ | जनचेतना प्रा.वि | १५००० |
| ६ | कावासोती प्रा.वि | १५००० |
| ७ | नारायणी प्रा.वि | १५००० |
| ८ | नारायणी प्रा.वि | १५००० |
| ९ | कालिका प्रा.वि | १५००० |
| १० | शान्ति प्रा.वि | १५००० |
| ११ | सन्तुदेवि प्रा.वि | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| १२ | राजरत्न प्रा.वि | १५००० |
| १३ | बालकल्याण प्रा.वि | १५००० |
| १४ | चन्द्रहंस प्रा.वि | १५००० |
| १५ | सिंहनाथ प्रा.वि | १५००० |
| १६ | दुर्गाभवानी प्रा.वि | १५००० |
| १७ | जनविकास आधारभुत विद्यालय | १५००० |
| १८ | नवदुर्गा आ.वि | १५००० |
| १९ | महाराजा आ.वि | १५००० |
| २० | गोसाइबाबा आ.वि | १५००० |
| २१ | नेपाल रा आ.वि | १५००० |
| २२ | पिठौली आ.वि | १५००० |
| २३ | दिपेन्द्र आ.वि | १५००० |
| २४ | शहिदस्मृति मा.वि | २०००० |
| २५ | जनकल्याण मा.वि | २०००० |
| २६ | ज्ञानोदय मा.वि | २०००० |
| २७ | जनकल्याण मा.वि | २०००० |
| २८ | चण्डेश्वरी मा.वि | २०००० |
| २९ | शिव मा.वि | २०००० |
| ३० | जनता मा.वि | २०००० |
| ३१ | सरस्वती मा.वि | २०००० |
| ३२ | जीवनज्योती मा.वि | २०००० |
| ३३ | कालिका मा.वि | २०००० |
| ३४ | जनता मा.वि | २०००० |
| ३५ | सरस्वती मा.वि | २०००० |
| ३६ | त्रिभुवन बाल मा.वि | २०००० |
| ३७ | शान्ति निकुञ्ज मा.वि | २०००० |
| ३८ | जनता मा.वि | २०००० |
| ३९ | जनता मा.वि | २०००० |
| जम्मा | | ६६५००० |

१४. **सामाजिक लेखापरीक्षणः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभुत तह ( कक्षा १ देखि ५ , कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु १० हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १० ,कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप संचालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.२.१५.११.७९८ उल्लेख छ। पालिकाले यस वर्ष पालिकास्थित ४० विद्यालयलाई सामजिक तथा आर्थिक लेखापरीक्षण गर्नका कार्यका लागि रु ४९५००० अनुदान निकासा दिएकोमा १० विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन् । प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शता र जवाफदेहिती मुल्यांकन नगर्ने प्रचलनले विद्यालयको आर्थिक अनुशासन कायम नहुने अवस्था रहेको छ । अत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सवै १० विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नु पर्ने रु १२५०००/-

| सि न | विद्यालयको नाम | सा.ले.प अनुदान |
|---|---|---|
| १ | सरस्वति जनजागृति प्रा.वि. | १०००० |
| २ | नारायणी प्रा.वि.(वडा नं १७) | १०००० |

| | | |
|---|---|---|
| ३ | नारायणी प्रा.वि. (वडा नं ११ ) | १०००० |
| ४ | शान्ति प्रा.वि. | १०००० |
| ५ | बालकल्याण प्रा.वि | १०००० |
| ६ | जनविकास आ.वि. | १५००० |
| ७ | शहिद स्मृति मा.वि | १५००० |
| ८ | जनकल्याण मा.वि | १५००० |
| ९ | चण्डेश्वरी आ.वि | १५००० |
| १० | जनता मा.वि.(वडा नं.६) | १५००० |
| जम्मा | | १२५००० |

**स्वास्थ्य तथा आयुर्वेद तर्फ**

४५. **औषधिको लोगो परीक्षणः** नगरपालिकाले खरिद गरेका औषधिहरुमा नेपाल सरकारको निशुल्क स्वास्थ्य कार्यक्रमका लागि भनी लोगो लगाउनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकावाट खरिद गरिएका केही औषधिहरु परीक्षण गर्दा उक्त औषधिमा निशुल्क वितरणको लागि भन्ने लोगो नभएको पइयो। लोगो नराखि औषधि भण्डारण गर्दा उक्त औषधि वितरण प्रकृया नेपाल सरकारले लिएको लक्ष्य अनुरुप नै वितरण हुन्छ भन्न सक्ने अवस्थामा विश्वस्त हुन सकिएन यस तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ। नमुना छनोट गरी परीक्षण गरिएका केहि औषधिको विवरण देहायवमोजिम रहेका छन।

| औषधिको नाम | निशुल्क वितरणको लोगो भए नभएको |
|---|---|
| Albendazole | नभएको |
| Ranitidozne Hydrochloride tablets | नभएको |
| Vitamin B Complex | नभएको |
| Azipride | नभएको |
| Chlorpheniramine tablets BP 4 mg | नभएको |
| Calamine lotion IP | नभएको |
| Gamanabenzene lotion | नभएको |

**शसर्त चालु**

४६. **खर्चको मापदण्ड भन्दा वढी भुक्तानीः** प्रदेश सरकारले तयार गरेको खर्चको मापदण्ड सम्वन्धि कार्यविधि २०७५ मा तालिम केन्द्रहरु बाहेक अन्य निकायवाट संचालित सहायक स्तरको तालिम संचालन गर्दा सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाइने तर कार्यपत्रवापतको रु ८०० का दरले खर्च लेख्न पाउने व्यवस्था छ। पालिकावाट संचालित फलफुल तथा तरकारी मूल्य श्रृङखला विकास आयोजना तालिममा आन्तरिक श्रोत व्यक्ति प्रशिक्षक भएतापनी पनी प्रशिक्षण खर्च राखी गो.भौ.न.३,मिति ३।२०७६।७।२५ मा खर्चको मापदण्ड भन्दा वढी खर्च लेखेको पाइयो। यसरी खर्चको मापदण्ड भन्दा वढी लेखिएको खर्च असुल गर्नुपर्ने देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायवमोजिम छन। १४१००/-

| मिति | कार्यक्रम | सेसन | पाउनुपर्ने(रु ८०० को दरले) | पाएको (रु १५०० को दरले) | फरक रकम |
|---|---|---|---|---|---|
| २०७६।६।११ | उन्नत तरकारी खेती | ४ | ३२०० | ६००० | २८०० |
| २०७६।७।१९ | विषादि न्युनिकरण | १ | ८०० | १५०० | ७०० |



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७६।६।२९ | उन्नत तरकारी | ४ | ३२०० | ६००० | २८०० | |
| २०७६।६।२७ | विषादि न्युनीकरण तथा नर्सरी व्यवस्थापन | ६ | ४८०० | ९००० | ४२०० | |
| ४।२०७६।८।४ | कृषक,सहकारी र व्यापारी विच १ दिने अन्तर्क्रिया कार्यक्रममा टिप्पणिकर्ताको खर्च | १ दिन | २ जनाको ९०० को दरले रु १८०० | ६ जनाको रु ९०० को दरले रु ५४०० | ३६०० | |
| जम्मा | | | | | १४१०० | |

**सशर्त पूजींगत**

| | | |
|---|---|---|
| ७. | **आनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर,ओभरहेड,कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। जस अनुसार पालिकाले वडा नं १७ को त्रिभुवन बाल मा.वि ढोकीको निर्माण कार्य गर्दा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी कुल रु १०३२८३७ जस मध्ये रु १००००००।पालिकाले र वांकि उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ।निर्माण कार्य सम्पन्न गर्दा प्राविधिक मुल्यांकन रु १०११७७२ घटी मुल्यांकन भएको अवस्थामा आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको रकम असुल गर्नुपर्ने रु | २०३९५/- |
| ८. | **ईटा घटी / बढी खरिदः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ ।निम्न योजनामा उपभोक्ता समितिले पेश गरेका केहि विल परिक्षण गर्दा कुनैमा इटाको विल निर्माण कार्य भन्दा बढी र कुनैमा घटी पेश गरेको देखिन्छ ।यसरी कार्यलयबाट भुक्तानी हुँदा मू अ कर सहित भुक्तानी गरेकोमा वास्तिव कार्य सम्पादनको लागि आवश्यक संख्यामा विल पेश नगरी कुनैमा बढी कुनैमा कम पेश गरेको देखिएकोले बढि खरिद गरेको ४०३८ इटाको रु ४०३८० प्रयोगको प्रमाण पेश गर्नुपर्ने र कम भएको ३८५४ इटाको रु ३८५४० बढी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितिबाट असूल गर्नु पर्ने रु | ७८९२०/- |

| योजनाको नाम | इट्टको गारो(घ.मि.) | खरिद इट्टा संख्या | नापि अनुसार प्रयोग भएको इट्टा संख्या | फरक संख्या | दर | रकम रु |
|---|---|---|---|---|---|---|
| सिद्धेश्वर राधाकृष्ण उपभोक्ता समिति | ९.५७ | ६८५० | ५३५९ | १४९१ | १० | १४९१० |
| गोसाईबाबा आ.वि निर्माण समिति | १८.२१ | १२७४५ | १०१९७.६ | २५४७ | १० | २५४७० |
| जनता मा.वि.त्रिभुवनटार | १७.६७ | ९६५५ | ९८९५ | २४० | १० | (२४००) |
| पार्क तथा मन्दिर निर्माण उ.स. | २४.३११ | १०००० | १३६१४ | ३६१४ | १० | (३६१४०) |
| बढि संख्या | | | | ४०३८ | | ४०३८० |
| घटी संख्या | | | | ३८५४ | | ३८५४० |
| जम्मा | | | | | | ७८९२० |

. **बढि दर राखी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा दररेट निर्धारण समितिले

तोकेको दररेटको आधारमा नर्मस अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका योजनाहरुमा तोकिएको दर भन्दा वढी दर राखी भुक्तानी गरेको पाइयो। स्वीकृत दर भन्दा वढी दर राखी भुक्तानी गरेको उक्त रकम असुल हुनुपर्ने रु १२८३९५/-

| योजनाको नाम | विवरण | परिमाण(घ.मी) | लिएको दर | स्वीकृत दर | फरक | रकम |
|---|---|---|---|---|---|---|
| रामनगर टोल बाटो निर्माण | Providing,laying ,spreading,watering laying of compaction | ५६६ | १०८२.२४ | ९८१ | १३१.२४ | ७४२८१ |
| रामनगर टोल बाटो निर्माण | Sub base | ३८० | ३३१४ | ३२५४.५२ | ५९.४८ | २२६०२ |
| गुन्द्री ढकाहा सामुदायिक वन उपभोक्ता समिति | Form Work | २३३.८७ | ९५४.५४ | ८४९ | १०५.५४ | २४६८३ |
| पार्क तथा मन्दिर निर्माण उ.स | Filling by ordinary soil | ४८.५५ | २९० | १४९.३५ | १४०.६५ | ६८२९ |
| जम्मा | | | | | | १२८३९५ |

**स्थानीय पूर्वाधार विकास सझेदारी कार्यक्रमः**

५०. **जनसहभागिता नराखी सम्झौता गरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार रु १ करोड सम्म लागत अनुमान भएको आयोजना उपभोक्ता समितिबाट गराउन सकिने र उपनियम २ अनुसार उपनियम १ मा उल्लिखित लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ। नगरकार्यपालिकाको विभिन्न मितिको निर्णयले निर्माण कार्यमा उपभोक्ता समितिको श्रमदान २० प्रतिशत देखि न्यूनतम १० प्रतिशत जनसहभागिता हुने निर्णय गरेकोमा आ व २०७६।७६ मा संचालन भएका स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा उपभोक्ताको लागत सहभागिता छुट दिने निर्णय नगरेकोमा समेत र सोको आधारमा जनसहभागिता नराखी सम्झौता गरी सबै लागत संसद विकास कोषबाट व्यहोरेको पाइयो। यसरी उपभोक्ता समिति मार्फत काम गराउँदा खरिद नियमावलीको पालना नगरेको कारण नगरपालिकालाई १० प्रतिशत थप व्ययभार परेको देखिन्छ। नगरपालिकाले खरिद नियमावलीको प्रतिकुल हुने गरी भएको संझौता उपयुक्त देखिएन। जनसहभागिता नभएका केहि उदाहरण निम्नानुसार छन्।

| आयोजनाको नाम | सम्झौता रकम | न.पा को योगदान |
|---|---|---|
| नवलपुर बहुमुखी क्याम्पस कावासोती | १००००००० | १०००००० |
| जीवनज्योती माध्यमिक विद्यालय कावासोती | १०००००० | १०००००० |
| विद्युत पोल तथा सडक बत्ती उपभोक्ता समिति वडा नं ८ | १७००००० | १७००००० |
| वि पी स्मृति भवन निर्माण उमभोक्ता समिति | ४६२३००० | ४६२३००० |
| अमलटारी मध्यवर्ती सामुदायिक होमस्टे निर्माण उ.समिति | २५००००० | २५००००० |
| जम्मा | १०८२३००० | १०८२३००० |

५१. **ईटा घटी / बढी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। निम्न योजनामा उपभोक्ता समितिले पेश गरेका केहि विल परिक्षण गर्दा कुनैमा इट्टाको विल निर्माण कार्य भन्दा बढी र कुनैमा घटी पेश गरेको देखिन्छ। यसरी कार्यलयबाट भुक्तानी हुँदा मू.अ.कर सहित भुक्तानी गरेकोमा वास्तविक कार्य सम्पादनको लागि आवश्यक संख्या अनुसार विल पेश नगरेको देखिएकोले बढि खरिद गरेको ५७०४ इटाको प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु ७०२७२।०० र कम भएको १८८२ इटाको रु=२२८६०।००



८५

बढी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितिबाट असूल गर्नु पर्ने रु== २२८

| योजनाको नाम | इटाको गारो घ मि | खरिद इटा संख्या | नापी अनुसार प्रयोग भएका इटा | फरक सख्या | | खरिद दर | रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | कम | बढी | | |
| ज्ञानोदय मा. वि. कावासोती | २०.३१ | १३००० | १०७६४ | - | २२३६ | ११ | २४५९६ |
| जनकल्याण मा वि कावासोती | २४.१५ | १३५२४ | १२००० | १५२४ | - | १५ | २२८६० |
| वि पी स्मृती भवन निर्माण उ समिति | ३४.१८ | १८११८ | २०००० | - | १८८२ | १५ | २८२३० |
| लुम्विनी आदर्श डिग्री क्याम्पस | २५.७४ | १६००० | १४४१४ | | १५८६ | ११ | १७४४६ |
| | | | कुल जम्मा | **१५२४** | **५७०४** | | |
| | | | | **बढी खरिद** | | | ७०२७२ |
| | | | | **कम खरिद** | | | २२८६० |

५२. **वढी दरमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा जिल्ला र नगर दररेटका आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालिकाले कुशनरी सालघारी सामुदायिक वन पुलचोक सडक स्तरउन्नती उ.स.लाई कुशनी सालघारी सामुदायिक वन पुलचोक सडक स्तरउन्नती निर्माण कार्यको लागि आइटम नं ३ को पि-सी-सी- कार्यको प्रति घ.मी.को मू.अ.कर सहितको दररेट रु-९५४७।३८ हुनुपर्नेमा प्रति घ.मी. को दर रु-१०६५४।२४ ले कुल कार्य १०३।२ घ.मी. को भुक्तानी दिएको पाइयो।प्रति घ.मी. को फरक दर रु-११०६।८६ ले उल्लिखित परिमाणको लागी बढी भुक्तानी भएको रु-११४२८३।०० सम्बन्धित उपभोक्ता समितिवाट असुल गरी दाखिला गर्नुपर्ने रु-- ११४२८

३. **अधुरो निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगती नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्न सकिने उल्लेख छ । नगरपालिकाले पोखरीताल मर्मत तथा पुनर्निमाण कार्यको लागि पाइजा कन्स्ट्रक्शन प्रा लि संग रु ४२८९९६१।१४ मा सम्झौता गरी निर्माण कार्य गराएकोमा प्रथम विल रु १९४१०७१।भुक्तानी गरी बाँकी काम अधुरो छोडेको पाइयो । यसरी बिचैमा काम अधुरो छोड्दा उक्त काम पुनः अर्को निर्माण व्यवसयीबाट गराउनु परेमा पालिकालाई थप व्ययभार पर्न सक्ने भएकोले उक्त बाँकी काम सोही निर्माण व्यवसायीबाटै सम्पन्न गराउनु पर्दछ ।यदि उक्त निर्माण व्यवसायीले काम नगरेमा निजको कार्यसम्पादन जमानत र धरौटी समेत जफत गर्नु पर्ने देखिन्छ ।

. **राजनैतिक दल सम्वद्ध भौतिक संरचनाः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं.८(२) कार्यक्रम अन्तर्गत राजनीतिक दल सम्बद्ध संगठनको पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न, जग्गा खरिद वा मुआव्जा वितरण गर्न, सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न नपाईने व्यवस्था रहेकोमा नगरपालिकाले रु-४६ लाख २३ हजार कूल लागत अनुमानमा वि पी स्मृति भवन निर्माण कार्यको लागि वि पी स्मृति भवन निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएको छ।यस्तो कार्यमा नभई सार्वजनिक अपनत्व नहुने भएकोले यस्ता प्रकृतिका क्षेत्रमा भएको खर्च नियम संमत नदेखिएको रु-- ४६२३०००/-

कोभिड १९ तर्फः आ व २०६७।७७ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार छन।

| आम्दानीको स्रोत | २०७७ असार मसान्त सम्म प्राप्त रकम | खर्च शिर्षक | २०७७ असार मसान्त सम्मको खर्च |
|---|---|---|---|

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| संघिय सञ्चित कोषवाट | | | |
| प्रदेश सञ्चित कोषवाट | ० | राहात वितरण | |
| स्थानीय तहको आफ्नै बजेटवाट विनियोजन भएको | ४०००००<br>५४०००००0 | क्यारेन्टिन होल्डिङ्ग सेन्टर<br>आईशोलेसन केन्द्र निर्माण व्यावस्थापन | ३२०६८५५<br>९५३७०२<br>८००००० |
| संघिय कोभिड कोषवाट | ५५३२५० | जनशक्ति परिचालन | |
| प्रदेश कोभिड कोषवाट | १००००००0 | औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ३४५५७९ |
| मौज्दात | | बाँकी | |
| जम्मा | ९६०५९७५ | | १६६९६२७ |
| | | | ९६०५९७५ |

**माथि उल्लेखित खर्चको विवरण अनुसार देखिएका व्यहोरा देहायअनुसार छन्:**

- कार्यालयले ४२०१ लाभग्राही परिवारलाइ राहत वितरणमा रु ३२ लाख ६ हजार खर्च गरेको छ । खर्च गर्दा कोटेशन बाट गरेको देखिन्छ।
- यस गाउँपालिकाले तयार तथा सञ्चालन गरेको २० वटा क्वारेन्टिन तथा होल्डिङ सेन्टर निर्माण गरेको देखिन्छ। जम्मा १८६ क्यारेन्टिन निर्माण तथा सञ्चालन व्यवस्थापन खर्च रु ५५ लाख ३ हजार खर्च गरेको देखिन्छ।
- औषधी स्वास्थ्य सामाग्री एवं उपकरण खरिद गर्दा पटक पटक रुपमा सोझौ खरिद भएको देखिन्छ।

१६. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नगर सरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८५ जनालाई रोजगारी उपलव्ध गराई रु. २२ लाख ८९ हजार खर्च गरेको छ । लक्षित वर्गलाई १५ दिन सम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

१७. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार निर्माण व्यवसायीहरुको नाममा रहेको मोविलाईजेशन पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्छ ।

| गो भौ नं मिति | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | प्रयोजन | रकम |
|---|---|---|---|
| ४/२०७६-५-२३ | ह्यविटियाट। न्यु ड्रागन जे भि | नगरपालिकाको भवन निर्माण | ५८२६४६४ |
| २७४/२०७७-३-२६ | नवलपुर कन्स्क्ट्रक्सन सर्भिस | वडा कार्यालय निर्माण | ११४१६०० |
| २९५/२०७७-३-२८ | साविक कन्स्क्ट्रक्सन प्रा ली | चक्रपथ निर्माण | १६५०००० |
| ३३०/२०७७-३-३० | नवलपुर कन्स्क्ट्रक्सन सर्भिस | वडा कार्यालय निर्माण | ११३३४०० |
| ३७६-२०७७/३/३० | नवलपुर कन्स्क्ट्रक्सन सर्भिस | वडा कार्यालय निर्माण | ११४१६०० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | |
| | | | १०८९३०६४ |

१७.१. नगरपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेकोमा निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा संस्थाहरुको नाममा रहेको पेश्की रकम नियमानुसार फछ्यौट गर्नुपर्ने रु १९६१६६७८/-

| गो भौ नं मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | रकम |
|---|---|---|---|
| संस्थागत | | | |
| २०/२०७७-३-२९ | शिव माध्यमिक विद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्मण | ८०८७९४ |
| २०/२०७७-३-२९ | शिव माध्यमिक विद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्माण | ३६३००० |
| २०/२०७७-३-२९ | शिव माध्यमिक विद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्माण | ३४७०००० |
| २२/२०७७-३-२९ | सरस्वती माध्यमिक विद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्माण | ९८२८८८४ |
| ३५८/२०७७-३-३१ | नेपाल विद्युत प्राधिकरण | विद्युत पोल व्यवस्थापन | ६८००० |
| ३५८/२०७७-३-३१ | नेपाल विद्युत प्राधिकरण | विद्युत पोल व्यवस्थापन | १८६००० |
| ३५८/२०७७-३-३१ | नेपाल विद्युत प्राधिकरण | सडक वत्ती व्यवस्थापन | १५२००० |
| ३५८/२०७७-३-३१ | नेपाल विद्युत प्राधिकरण | विद्युत पोल व्यवस्थापन | ५००००० |
| उपभोक्ता संस्था | | | ० |
| ३८६/२०७७-३-३१ | अरग्यौली खानेपानी तथा सरसफाइ उ स | मर्मत संहार तथा स्तरोन्ती | १००००० |
| ६१/२०७६-१०-१३ | सदरमुकाम जाने बाटो पक्की नाला निर्माण नि उ स | श्रृजन श्रेष्ठको घर देखि उत्तर बाटो कालो पत्रे | १४५००० |
| १३२/२०७६-१२-५ | मगरकोट बाटो कालोपत्रे उ स | योजनामा लागत सहभागिता | ३७५००० |
| १३२/२०७६-१२-५ | मगरकोट बाटो कालोपत्रे उ स | दाताराम चोकदेखि शान्ति मुखिया तथा लालमनि महतोको घर हुदै टावर कटेज सम्म बाटो कालो पत्रे | ७५०००० |
| १७३-२०७७.-३-२९ | शेरगञ्ज टाडी थारु भिलेज संग्रालय कालोपत्रे उ स | योजनामा लागत सहभागिता | ७५०००० |
| १७३-२०७७.-३-२९ | शेरगञ्ज टाडी थारु भिलेज संग्रालय कालोपत्रे उ स | शेरगञ्ज टाडी थारु भिलेज संग्रालय कालोपत्रे | ८००००० |
| २१६/२०७७-३-९ | विशाल मार्ग निर्माण उ स | जनसहभागिता रकम | ७००००० |
| ३८७-२०७७/३/३१ | केरुङ्गे खोला तटबन्ध निर्माण उ स | मर्मत तथा स्तरोन्नती | ४००००० |
| ३८७-२०७७/३/३१ | सितामडी बाटो मर्मत समिति | मर्मत तथा स्तरोन्नती | १००००० |
| ३८७-२०७७/३/३१ | हेगौली झोझाड तटबन्ध उ स | मर्मत तथा स्तरोन्नती | ८०००० |
| | | | ० |
| अन्य | | | |
| ७३-२०७६/६/१४ | एस टी इन्जीनियरिङ् कन्सल्टेन्ट | सेवा र परामर्श | ४०००० |
| | | कुल जम्मा | १९६१६६७८ |

पालिकाको वित्तिय प्रतिवेदन म ले फा न २७२ को अनुसूची २१ मा म्याद ननाघेको पेश्की रु ८९८०४९१६ र म्याद नाघेको पेश्की रु ८६८६४६४।०० देखिएकोले उल्लिखित विवरण र सुत्रको विवरणमा फरक



Scanned with CamScanner

परेकोले सोको वास्तविक कारण सहित पालिकाले विवरण पेश गर्नुपर्दछ।

५८. **आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजूः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फछ्र्यौट नभएका निम्नानुसार देखिएका छनः ४२३२१७

| गो भौ नं मिती | वेरुजुको संक्षिप्त व्यहोरा | रकम |
|---|---|---|
| | **शसर्त अनुदान तर्फ** | |
| ५ | जनता मा वि कावासोतीलाई खेलकुद र संगीत विकासको लागि रु ४०००००। निकासा भएकोमा २ जना शिक्षकहरुलाई १२ महिनाको पारीश्रमिक स्वरुप रु १६८०००। भुक्तानी भएकोमा शिक्षक नियुक्त गरेको र पारीश्रमिक कति दिने सम्बन्धमा कुनै निर्णय नभएकोले उक्त नियुक्तीको आधार र प्रमाण पेश हुनु पर्ने रु | १६८००० |
| | कार्यालयले विभिन्न मितिमा बहाल कर वापत कट्टा गरेको रकम स्थानीय संचितकोष दाखिला गरेकोमा संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु | ८९५९५ |
| | | **२५७५९५** |
| | **समानीकरण तर्फ** | |
| **असूल गर्नुपर्ने** | | |
| २८- २०७६/६/२८ | घर भाडा बढि भुक्तानी | १०० |
| ५०८-२०७६/११/२० | पारीश्रमिक कर दाखिला हुनुपर्ने | ३०० |
| ६१४-२०७७/२/२८ | विल भन्दा बढी भुक्तानी | ७०५ |
| ६-२०७६/५/३० | कम कर काटेको | २२५० |
| ४७-२०७६/९/२१ | विल नपुग ५४०० र कर दाखिला नभएको रु ३६३७।५० | ९०३७.५० |
| १२५-२०७७/३/२८ | बिल भन्दा बढी भुक्तानी | १२०५९ |
| १०-२०७६/६/५ | देवचुली निर्माण सेवाको ५० प्रतिशत मु अ कर असूल गर्नुपर्ने | ८३१९२ |
| | **जम्मा असुल गर्नुपर्ने** | **१०७६४३.५** |
| **प्रमाण पेश गर्नु पर्ने** | | |
| ८२२-२०७७.३.३१ | पे फ गर्दा बिल भरपाई कम भएकोमा पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने | २३४०० |
| ३८३-२०७७.३.३१ | सक्कल विजक पेश हुनु पर्ने | ३४५७८ |
| | **जम्मा प्रमाण पेश गर्नु पर्ने** | **५७९७८** |
| **शैद्धान्तिक** | | |
| ६६-२०७६/६/१३ | दैनिक पत्रिकामा ३५ प्रतिशत सम्म छुट हुने गरेकोमा सोही पत्रिकामा सुचना प्रकाशन गरेकोमा छुट लिनुपर्ने देखिन्छ । | |
| १५२-२०७६.८.२३<br>५८७-२०७७.१.१५ | रु २०००० भन्दा बढिको खरिदमा अनिवार्य मु अ कर दर्ता भएकासंग खरिद गर्नु पर्ने देखिन्छ । | |
| | उपभोक्ता समिति भुक्तानीमा ढुङ्गा गिटी वालुवा खरिद तथा ढुवानीमा भरपराईको अधारमा भुक्तानी नगरी मु अ कर विजक लिएर मात्र भुक्तानी गर्नुपर्दछ । | |
| | नगरपालिका भित्र रहेका व्यवसायको अभिलेख व्यवस्थित गर्नुपिन कर उठाउनमा ध्यान दिनु पर्ने । | |



Scanned with CamScanner

# पालिकाको संचितकोषको विवरण

अनुसुचि १

## २०७६।०७७

प्रदेश: गण्डकी

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय |  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|  |  |  | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | कावासोती नगरपालिका | नवलपरासी (बसुपू) | १३४३६२ | ४८३२०१ | १६०५५० | ६७७११ | ७५०४१ | ७८६५०३ | ३५९६४९ | ४०३१२३ | ९२३० | ७७२००२ | १४८८६३ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

## २०७६।७७

(रु हजारमा)

| सि नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजु |  |  | प्रतिक्रियावाट फछ्यौट |  |  | बाँकी बेरुजु |  |  | बाँकी बेरुजु |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | दफा संख्या |  | रकम | दफा संख्या |  | रकम | दफा संख्या |  | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने |  |  |  |  | पेश्की |  |  |
|  |  |  | सैद्धान्तिक | लगति |  | सैद्धान्तिक | लगति |  | सैद्धान्तिक | लगती |  |  | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | नवलपरासी (बसुपू) | कावासोती नगरपालिका | ३१ | ३४ | ३३३७५ | ० | १ | ३०० | ३१ | ३३ | ३३०७५ | २५४८ | ५२३६ | ५६७४ | ० | ० | १०९१० | ० | १९६१७ | १९६१७ |

अनुसुची ३

(रु हजारमा)

## अद्यावधिक बेरुजु स्थीती

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | कावासोती नगरपालिका | नवलपरासी (बसुपू) | ७११३६ | ५०१८१ | २०९५५ | ० | ३३०७५ | ५४०३० |